नेपाल सरकार

# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

सिंहदरबार, काठमाण्डौं

(स्थानीय तह समन्वय शाखा)

पत्र संख्या: २०८१।०८२

चलानी नं.: ६५

मिति: २०८१।०५।१६

विषयः विवरण उपलव्ध गराउने सम्बन्धमा ।

श्री गाउँपालिका (सबै),

श्री नगरपालिका (सबै) ।

भूमि व्यवस्था, सहकारी तथा गरिबी निवाण मन्त्रालय, सहकारी व्यवसाय प्रवर्द्धन तथा संघसंस्था समन्वय शाखाको च. नं. १३१, मिति २०८१।०५।०२ को पत्र मार्फत तोकिएको ढाँचामा आवश्यक विवरण माग भएकोमा केही गाउँपालिका, नगरपालिकाबाट मात्र आवश्यक विवरण प्राप्त भएको पाईएको छ । सो सम्बन्धमा सहकारी संस्था बचत रकम दुरुपयोग सम्बन्धमा संसदीय छानबिन विशेष समितिबाट माननीय संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रीज्यू तथा श्रीमान् सचिवज्यूलाई आवश्यक विवरण उपलव्ध गराउने सम्बन्धि मिति २०८१।०५।१६ मा निर्देशन भए बमोजिम तत् तत् विवरण पठाउन बाँकि रहेका गाउँपालिका तथा नगरपालिकाले पत्रबाट माग भएबमोजिमको आवश्यक विवरण (Soft copy तथा Hard Copy) ५ (पाँच) दिन भित्र संघीय संसद, प्रतिनिधि सभा, सहकारी संस्था बचत रकम दुरुपयोग सम्बन्धमा संसदीय छानबिन विशेष समितिमा पठाउनुहुन निर्णयानुसार अनुरोध छ ।

५।१६

(दीपेश कट्टेल)

शाखा अधिकृत

बोधार्थः

श्री सहकारी संस्था बचत रकम दुरुपयोग सम्बन्धमा संसदीय छानबिन विशेष समितिको सचिवालय, सिंहदरबार ।

श्री नेपाल नगरपालिका संघ, लाजिम्पाट, काठमाण्डौः आवश्यक समन्वय हुन ।

श्री गाउँपालिका राष्ट्रिय महासंघ, अनामनगर, काठमाण्डौः आवश्यक समन्वय हुन ।

श्री सूचना तथा प्रविधि शाखाः Website मा Upload तथा E-mail मार्फत जानकारी गराईदिनु हुन ।

सिंहदरबार, काठमाडौं फोन नं. ०१-४२००५११/०१-४२००३०४
E-mail: cmmofald@gmail.com/local.level.coordination@mofaga.gov.np Website: www.mofaga.gov.np

फोन नं. ४२११६६६
४२११६३२
४२११८५२
४२११८४३
४२००२३९
४२११६६४
फ्याक्सः ४२३२२६२
४२११६४५

नेपाल सरकार

# भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय

(सहकारी व्यवसाय प्रवर्द्धन तथा संस्था समन्वय शाखा)

पत्र संख्याः- १.६/स.व्य.प्र/२०८१/०८२
च.नं. ९२१

नेपाल सरकार
भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय
सिंहदरबार, काठमाडौं

सिंहदरबार, काठमाडौं

मिति २०८१/५/२

ने.सः ११४४ गुंलाध्व १४ आईतबार

विषय : समन्वय तथा सहजीकरण सम्बन्धमा ।

श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिंहदरवार, काठमाडौ ।

प्रस्तुत विषयमा नेपालको संविधान र प्रचलित सहकारी कानून अनुसार सहकारी संस्थाहरुको दर्ता, अनुगमन र खारेजी लगायतका कार्यहरुको जिम्मेवारी संघ, प्रदेश र स्थानीय तहमा रहेको देखिन्छ । अधिकांश सहकारी संस्थाहरु प्रदेश र स्थानीय तहको नियमन कार्यक्षेत्रमा रहेको हुँदा सो को तथ्याङ्क समेत संकलन आवश्यक देखिएकोले सहकारी संस्थाहरुमा बचत गर्ने साना बचतकर्ताहरुको देहायवमोजिमको विवरण १५ (पन्ध्र) दिनभित्र उपलव्ध गराइदिन सबै स्थानीय तहहरुलाई समन्वय र सहजीकरण गरिदिनु हुन मिति २०८१/५/२ को निर्णयानुसार अनुरोध छ ।

तपसिलः

| क्र.स. | सहकारी संस्थाहरुको विवरण | | | रु तीन लाख सम्म जम्मा गर्ने बचतकर्ताको विवरण | | रु पाँच लाख सम्म जम्मा गर्ने बचतकर्ताको विवरण | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | नाम | ठेगाना | दर्ता नं. | संख्या | रकम | संख्या | रकम | |
| १ | | | | | | | | |
| २ | | | | | | | | |
| ३ | | | | | | | | |
| ४ | | | | | | | | |
| जम्मा | | | | | | | | |

.........................
(पवित्रा ढकाल)
शाखा अधिकृत

वोधार्थः
श्री सहकारी विभाग
नयाँ बानेश्वर, काठमाडौ ।



कार्यालयको ठेगानाः
सिंहदरबार, काठमाडौं
नेपाल
कार्यालयको टेलिफोन नं.
०१-४२११६६६, ०१-४२११८८५
फ्याक्स नं.०१-४२३२२६२